| | |
|---|---|
| बैठकको उद्देश्य: | समन्वय बैठक, काठमाण्डौ |
| बैठक मिति:: | २०७४ साल फाल्गुन १४ गते |
| बैठक समय: | १२ : ३० बजे |
| बैठक स्थान: | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यालय, काठमाण्डौ |
| बैठक सहजकर्ता: | प्रेम प्रसाद घिमिरे, प्राधिकरण प्रमुख |
| माईनुट लिने अधिकारी: | एचआरआरपी काठमाण्डौ उपत्यका समुह |
| | |

**छलफल:**

**एजेण्डा:**

- स्वागत र परिचय
- साझेदार संस्थाहरुका लागि प्राधिकरणको निर्णय
- साझेदार संस्थाहरुको अपडेट
- जिल्ला परियोजना कार्यान्वयन इकाई (MOUD) बाट अपडेट
- अन्य

**विषय १**

- स्वागत र परिचय

प्राधिकरणको नियमित बैठक फागुन १४, २०७४ मा प्राधिकरणको कार्यालय काठमाण्डौमा बस्यो । प्राधिकरणका प्रमुख, श्री प्रेम प्रसाद घिमिरेले सबै सहभागिहरूलाई स्वागत गर्नुभयो र सबै सहभागिहरुको छोटो परिचयबाट बैठक प्रारम्भ भयो ।

**विषय २**

- साझेदार संस्थाहरुको लागि प्राधिकरणको निर्णय

गत महिनाका निर्णयहरुमा छलफल भयो । निर्णय भए बमोजिम सबै साझेदार संस्थाहरुलाई महिनाको अन्त्यमा नियमित रुपमा मासिक प्रगति प्रतिवेदन बुझाउन अनुरोध गर्नुभयो ।

**विषय ३**

- साझेदार संस्थाहरुको अपडेट

साझेदार संस्थाहरुले आफूले गरेका कार्यक्रमहरुको संक्षिप्त अपडेट गरे । विभिन्न क्षेत्रहरु जस्तै आवास, खानेपानी तथा सरसफाई, जिविकोपार्जन तथा ऐतिहासिक धरोहरको पुनर्निर्माण क्षेत्रमा कार्यरत संस्थाहरु जस्तै, लुमन्ती, एनसेट, रेडक्रस, होमनेट, मियामोटो रिलिफ र अक्सफामका प्रतिनिधिहरुले बैठकमा भाग लिएका थिए ।

- **मियामोटो रिलिफ :** मियामोटो रिलिफले पुरातात्विक विभागको समन्वयमा काठमाण्डौ दरबार स्क्वायर स्थित गद्दि बैठक हलको पुनर्निर्माण काममा केन्द्रित रहेको छ । उक्त पुनर्निर्माण कार्य पाँच चरणमा सकाउने लक्ष्य राखेको छ र हाल तेस्रो चरणको काम सम्पन्न गरेको छ जुन काम पुनर्निर्माणको ४५ प्रतिशत सम्पन्न भएको छ । सो कार्य असाढको मध्यसम्म (जुन २०१८) मा सम्पन्न गर्ने लक्ष्य लिएतापनि केही लम्बिने सम्भावना छ । मियामोटो रिलिफ गद्दि बैठकको दिगो पुनर्निर्माण योजना बनाउनेतर्फ काम गरिरहेको छ ।

- **अक्सफाम:** अक्शफाम नेपालले आवास, खानेपानी तथा सरसफाई र जिविकोपार्जन क्षेत्रमा काम गरिरहेको छ । यस संस्थाले शंकरापुर नगरपालिकाको वडा नं. १,२, ३ र ४ का वडा कार्यालयमा हेल्प डेस्क संचालन गरेको छ । खटिएका कर्मचारीहरुले प्राविधिक सहायताको साथै लाभग्राहीहरुको घरको डिजाइन नक्शा र नगरपालिकामा घरदैलो प्राविधिक सहायता उपलब्ध गराउनेछ । यस संस्थाले शंकरापुर वडा नं.२ मा नमुना घर निर्माणको लागि रु १,२००,००० (निर्माण लागतको ५० प्रतिशत) प्रदान गरेको छ । नमुना घर निर्माणको अन्य खर्च शंकरापुर नगरपालिकाले व्यहोर्ने छ । हालसम्म उक्त नमुना घरको जग तहसम्म निर्माण भएको छ । उक्त नमुना घर निर्माण स्थलमा कार्यरत डकर्मीहरुको लागि कम्प्रेशड माटोको ब्लक बनाउने तालिम समेत प्रदान गरिएको छ । नमुना घरको निर्माण पश्चात वडा कार्यालयको रुपमा प्रयोग हुनेछ । अक्सफाम नेपालको सहयोगमा सञ्चालित परियोजनाहरु मार्च २०१८ को अन्त्यमा सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

- **लुमन्ती:** लुमन्तीले काठमाण्डौ जिल्लाका चन्द्रागिरी नगरपालिकाको, मच्छेगाउँ, वडा नं. ९ का ११५ घरहरुको पुनर्निर्माण काममा सहयोग गरिरहेको छ । पुनर्निर्माणका नियम कानुन परिमार्जनले पुनर्निर्माणको काममा ढिलाई भएको थियो तर प्राधिकरणको काठमाण्डौ कार्यालयसँग समन्वयले गर्दा सो समस्याको हल गरेको छ । हालसम्म ४० घरधुरीहरुको पुनर्निर्माण प्रक्रिया रफ्तारमा चल्दै छ भने, त्यसमध्ये २ घरधुरीको घर नक्शा स्वीकृति भएको छ । त्यस्तै अधिकाशं घरधुरीहरु घरको नक्शा प्राप्त गर्ने प्रक्रियामा गएको छ ।


©2018 HRRP | All Rights Reserved

- **एनसेट:** एनसेटले काठमाण्डौ जिल्लाको कागेश्वरी-मनोहरा नगरपालिकाको वडा नं. १,२ र ३ मा काम गरिरहेको छ। एनसेटको मुख्य काम भनेको प्राविधिक सहायता दिने, सामुदायिक र घरधुरी अभिमुखिकरण गर्ने र घरदैलो प्राविधिक सहायता उपलब्ध गराउने हो। हालसम्म एनसेटले ४ वटा डकर्मी तालिमबाट १११ जना डकर्मीहरुलाई प्रशिक्षित गरेको छ। DLPIU इन्जिनियरहरुलाई वडा कार्यालयमा खटाइएको छ जसले लाभग्राहीहरुलाई थप मदत पुगेको छ। एनसेटले हाशिल गरेका उपलब्धिहरुलाई ३० मिनेटको बलियो घर टिभि कार्यक्रम मार्फत अभिलेख गरेको छ जुन कार्यक्रम राष्ट्रिय टेलिभिजन मार्फत प्रसारण गरिएको थियो। कागेश्वरी मनोहरा नगरपालिकाका लाभग्राहीहरु जो धैरैजसो पशुपति विकास कोषको गुठी जग्गामा बसिरहेका छन र सो सम्बन्धमा लाभग्राहीहरुको गुठी जग्गा समस्या यकिन गर्न एनसेटले सर्वेक्षण गर्ने भएको छ।

- **नेपाल रेडक्रस :** नेपाल रेडक्रस सोसाइटीले तारकेश्वर नगरपालिका, शंकरापुर नगरपालिका र काठमाण्डौ महानगरपालिकाको वडा नं. १७ का भूकम्प प्रभावित क्षेत्रहरुमा खानेपानि तथा सरसफाई, जिविकोपार्जन, कृषि र स्वास्थ्य क्षेत्रमा केन्द्रित भएर सचेतना कार्यक्रमहरु संचालन गरिरहेको छ। हाललाई रेडक्रसको आवास कार्यक्रम समाप्त भएको छ। रेडक्रसले तारकेश्वर नगरपालिका वडा नं. १७ मा संचालन गरिएको डकर्मी तालिमबााट २७७ डकर्मीहरु उत्पादन भएका छन। १३ वटा खानेपानि योजनाहरु लक्ष्य गरिएकोमा तारकेश्वरमा १ र शंकरापुरमा २ गरि जम्मा ३ वटा खानेपानी योजना सम्पन्न भएका छन्। त्यसैगरि १२ वटा आकासे पानी संकलन योजना लक्ष्य गरिएकोमा जम्मा १ वटा योजना तारकेश्वर नगरपालिकाको एक सरकारी विद्यालयमा मात्र सम्पन्न भएको छ। रेडक्रसले आफ्नो कार्यक्षेत्रमा आकाशेपानी संकलनको प्रविधि जडान गर्नलाई सरकारी संस्थाहरुसंग हातेमालो गर्न तयार छ। स्वास्थ्य क्षेत्रमा, रेडक्रसले कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं. ९ मा स्वास्थ्य चौकी निर्माण गर्ने योजना रहेको छ जसको लागि जग्गा प्राप्त गर्नको लागि छलफल भईरहेको छ। रेडक्रसको योजनामा भएका सबै योजनाहरु डिसेम्बर २०१८ को अन्त्य सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको छ।

- **होमनेट नेपाल :** होमनेट नेपालले एक्सनएडको आर्थिक सहयोगमा किर्तिपुर नगरपालिकाको पाँगा क्षेत्रका वडा नं. ५,६,७ र ८ का लाभग्राहीहरुको लागि सामुदायिक सचेतना कार्यक्रम संचालन गरिरहेको छ। यस संस्थाले किर्तिपुरमा भूमि अधिकार, खाद्य सुरक्षा, महिला सशक्तिकरण, स्थानिय निकायमा लैगिक बजेटको खोजी, वडा कार्यालयहरुमा लैंगिक हेल्प डेस्कको स्थापना र समुदायहरुमा महिलामुखि योजना आदि क्षेत्रहरुमा सचेतना जगाउने कार्यक्रमहरुमा केन्द्रित रहेको छ। प्राय जसो महिला तथा किशोरी बालिकाहरुलाई माथि उल्लेखित विषयहरुमा परामर्श समेत उपलब्ध गराईरहेको छ। किर्तिपुर नगरपालिकाको पाँगाको जनसेवा माध्यमिक विद्यालयको प्रबलिकरण गर्ने योजना रहेको छ र ठेक्काको प्रक्रिया पश्चात निर्माण कार्य शुरु हुनेछ। अक्सफामको सहयोगमा जिविकोपार्जन कार्यक्रम अन्तर्गत सिंचाई, करेशावारी र समुहगत उत्पादन इकाईको शुरुवात गरिएको छ। विशेषत महिला लाभग्राहीहरुलाई बेकरी उद्योगमा आवद्द गराई सामुहिक उत्पादन र बजार खोजीको लागि परिचालन गरिएको छ।


©2018 HRRP | All Rights Reserved

**विविधः**

**NRA:** प्राधिकरणका प्रमुख, श्री प्रेम प्रसाद घिमिरेले प्राधिकरण केन्द्रिय कार्यालय र पुनर्निर्माणको कार्यबारे संक्षिप्त अपडेट प्रदान गर्नुभयो । प्राधिकरण प्रमुखले सबै साझेदार संस्थाहरुलाई र जिल्ला परियोजना कार्यान्वयन इकाईहरुलाई प्रतिवेदनहरु नियमित रुपमा समयमै बुझाउन अनुरोध गर्नुभयो ।

- **प्राधिकरणको काठमाण्डौ कार्यालयमा थप जनशक्ति** : प्राधिकरणको काठमाण्डौ कार्यालयमा स्वास्थ्य, जिविकोपार्जन, कृषि, प्राविधिक इन्जिनियरिङ्ग क्षेत्रमा थप जनशक्ति पुर्ति गरिएको छ । उक्त जनशक्तिहरुलाई सरकारी निकायहरुसंग थप समन्वय गरी काममा प्रभावकारिता आउने विश्वास लिइएको छ ।

- **डकर्मी तालिम सम्बन्धि**
  काठमाण्डौ जिल्लामा डकर्मी तालिमले प्रगति हाशिल गरिरहेको छ । घरेलु तथा साना उद्योग विकास कार्यालयले प्राधिकरणलाई काठमाण्डौका नगरपालिकाहरुमा डकर्मी तालिम संचालन गर्न सहयोग गरिरहेको छ । एनसेटले नागार्जुन र चन्द्रागिरी नगरपालिकामा २ वटा डकर्मी तालिम संचालन गर्न सहयोग गरेको छ । कागेश्वरी मनहरा नगरपालिकाले ३० जना सहभागिहरुको लागि डकर्मी तालिम संचालन गर्न लागेको छ । काठमाण्डौ प्राधिकरण कार्यालयले काठमाण्डौ नगरपालिकाका डकर्मी तालिमको मागलाई सम्बोधन गर्न एनसेट लगायत अन्य साझेदार संस्थाहरुलाई सहयोगका लागि अनुरोध गरिनेछ ।

- **प्राधिकरणको काठमाण्डौ कार्यालयबाट साझेदार संस्थाहरुको कार्यक्षेत्रमा अनुगमन भ्रमण**
  प्राधिकरण काठमाण्डौ कार्यालयले प्राविधिक DLPIU MOUD का प्राविधिक इन्जिनियरहरु, DLPIU MOE र प्राविधिकरणका अन्य कर्मचारीहरुको सहभागितामा अनुगमन भ्रमण गर्ने निर्णय भएको छ । यस भ्रमणको उद्देश्य साझेदार संस्थाहरुको कार्यक्रम अनुगमन गर्ने र पुनर्निर्माण कार्यक्रमको प्रभावकारिताको लागि थप सुझाव दिने हो ।

**साझेदार संस्थाहरुसंग अनुगमन भ्रमणका लागि तय भएको समयतालिका**

| साझेदार संस्था | अनुगमन भ्रमण गर्ने मिति | सहभागिहरु | कैफियत |
|---|---|---|---|
| लुमन्ती | २३ फागुन २०७४ | प्राधिकरण काठमाण्डौ कार्यालयका कर्मचारी, DLPIU MOUD काठमाण्डौ र साझेदार संस्थाहरु | निश्चित भएको |
| मियामोटो रिलिफ | २७-२८ फाल्गुन भित्र | प्राधिकरण काठमाण्डौ कार्यालयका कर्मचारी, काठमाण्डौ जिल्ला समन्वय समितिको प्रमुख, स्थानिय विकास अधिकारी, DLPIU MOUD काठमाण्डौ र साझेदार संस्थाहरु | मितिको निश्चित गर्नुपर्ने |
| नेपाल रेडक्रस | १५ चैत्र भन्दा अगाडि | प्राधिकरण काठमाण्डौ कार्यालयका कर्मचारी, DLPIU MOE काठमाण्डौका कर्मचारी र साझेदार संस्थाहरु | मितिको निश्चित गर्नुपर्ने |
| एनसेट | तय गर्न बाँकी | प्राधिकरण काठमाण्डौ कार्यालयका कर्मचारी, DLPIU MOUD काठमाण्डौ र साझेदार संस्थाहरु | मितिको निश्चित गर्नुपर्ने |
| अक्सफाम | ५-७ चैत्र भित्र | प्राधिकरण काठमाण्डौ कार्यालयका कर्मचारी, DLPIU MOE काठमाण्डौका कर्मचारी र साझेदार संस्थाहरु | मितिको निश्चित गर्नुपर्ने |
| होमनेट नेपाल | तय गर्न बाँकी | प्राधिकरण काठमाण्डौ कार्यालयका कर्मचारी, DLPIU MOE काठमाण्डौका कर्मचारी र साझेदार संस्थाहरु | मितिको निश्चित गर्नुपर्ने |

- **योजनामा भएका कार्यक्रमहरु निर्धारित समयमा नै सम्पन्न गर्न अनुरोध** : प्राधिकरण काठमाण्डौ कार्यालयका प्रमुखले सबै साझेदार संस्थाहरुलाई योजनामा भएका कार्यक्रमहरु तोकिएको समयमा नै सम्पन्न गर्न अनुरोध गर्नुभयो । साथै कार्यक्रम योजना तर्जुमा वा भइरहेका कार्यक्रमहरु छिटो कार्यान्वयन गर्न सुझावहरु प्रदान गरियो । प्राधिकरणका प्रमुखले भूकम्प प्रभावित लाभग्राहीहरुसँग सरोकार राख्ने अन्य स्वास्थ्य, जिविकोपार्जन, शिक्षा, जमिन, खानेपानि क्षेत्रका सवालहरुको सम्बन्धमा समस्या सम्बोधनका लागि प्राधिकरण जहिलेपनि सरकारी निकाय र विषयगत निकायहरुसंग समन्वय र साझेदार गर्न तयार रहेको जानकारी गराउनुभयो ।


©2018 HRRP | All Rights Reserved

→ **प्राधिकरण काठमाण्डौ कार्यालयको समन्वय बैठक तालिकामा फेरबदल भएको :** प्राधिकरण काठमाण्डौ कार्यालयको समन्वय बैठक नेपाली महिनाको अन्तिम दिनमा बस्ने निर्णय गरियो । अर्को बैठक यहि चैत्रको २६ गते बस्ने निर्णय गरियो । बैठकको मिति साझेदारसंस्थाहरुले प्राधिकरणलाई हरेक महिनाको अन्तिममा प्रगति प्रतिवेदन बुझाउने र सो प्रतिवेदनको आधारमा प्रगति विवरण केलाउनका लागि बैठक मिति परिवर्तन गर्नुपरेको हो ।

**जिल्ला परियोजना कार्यान्वयन इकाई - शहरी विकास मंत्रालय :** जिल्ला परियोजना कार्यान्वयन इकाई शहरी विकास मन्त्रालयले चन्द्रागिरी नगरपालिकामा बनेको १ मापदण्ड पालना नभएको घरको निवेदन पेन्डिग रहेको छ जसको पुनर्निर्माण कार्य लुमन्तीको जिम्मेवारीमा थियो । ईटाँ सिमेन्टबाट बनेका घर पुनर्निर्माण गर्दा २ फिट नछाडेर नै निर्माण भएको अवस्था हो ।

**यदि कुनै जिज्ञाशा वा समस्या भएमा कृपया देहाय बमोजिम सम्पर्क गर्नुहोला ।**

**नरकान्त सापकोटा**
अनुगमन तथा मूल्याङ्कन विशेषज्ञ
काठमाण्डौ र भक्तपुर, CLPIU-MOUD
इमेल: aashrayasap@gmail.com
सम्पर्क नम्बर: ९८५१०९०७२१

**रविन चौलागाई**
जिल्ला सहयोग इन्जिनियर
काठमाण्डौ र भक्तपुर, NRA-UNDP
इमेल: rabinchaulagain2015@gmail.com
सम्पर्क नम्बर: ९८४३७१७८७०

**एचआरआरपी :**

एचआरआरपीले २०७५ साल बैशाख १२ गतेको गोरखा भूकम्पको तेस्रो वार्षिकीलाई मध्येनजर राख्दै विभिन्न विषयमा सर्वेक्षण गरिरहेको छ । सो सर्वेक्षणको लागि १४ वटै भूकम्प प्रभावित जिल्लाहरुमा अस्थाई आवासको अवस्था, महिलाहरुको पुनर्निर्माणमा भुमिका र उनीहरुको अनुभव र सामुदायिक पुनर्निर्माण समितिको यथास्थिति विषयहरुमा सर्वेक्षणको काम गएको हप्ताबाट शुरुवात भइसकेको छ । सो सर्वेक्षणहरुको परिणाम बैशाख भूकम्पको तेस्रो वार्षिकोत्सव कार्यक्रममा आयोजना हुने जिल्ला तहको प्रर्दशनी तथा गोष्ठीमा सार्वजनिक गर्दै सम्बन्धित सबैलाई जानकारी गराइनेछ ।


©2018 HRRP | All Rights Reserved

**निर्णय:**

१. अबको आउने महिनाहरुमा प्राधिकरण काठमाण्डौको निर्णय अनुसार संमन्वय बैठक प्रत्येक नेपाली महिनाको अन्तिम हप्तामा बस्नेछ ।

२. प्राधिकरण काठमाण्डौले साझेदार संस्थाहरुको कार्यक्रम अवलोकनका लागि अनुगमन गर्ने निर्णय गरियो । भ्रमण मिति साझेदार संस्थासँग परामर्श पछि तय गरिनेछ ।

३. प्राधिकरण काठमाण्डौले सबै साझेदार संस्थाहरुलाई योजनामा भएका कार्यक्रमहरु तोकिएको समयमा नै सम्पन्न गर्न वा कार्यक्रम योजना तर्जुमाको पुनराअवलोकन गर्न अनुरोध गरिएको छ जसले गर्दा कार्यक्रम छिटो सम्पन्न हुन सकोस् ।

४. प्राधिकरण काठमाण्डौले भूकम्प प्रभावित लाभग्राहीहरुसँग सरोकार राख्ने अन्य स्वास्थ्य, जिविकोपार्जन, शिक्षा, जमिन, खानेपानी तथा सरसफाई क्षेत्रका सवालहरुको सम्बन्धमा साझेदार संस्थाहरुको क्षेत्रमा प्राधिकरण जहिलेपनि र जुनसुकै बेलामा सरकारी निकाय र विषयगत निकायहरुसंग समन्वय गर्न तयार रहेको जानकारी गराईएको छ ।

५. सबै साझेदार संस्थाहरु र DLPIU ले आफ्नो मासिक प्रतिवेदन प्रत्येक नेपाली महिनाको २५-३० गते भित्रमा प्राधिकरणलाई बुझाउनुपर्नेछ ।

**उपस्थिति**

| S.N | Attendees | Organization | Phone No. | Email |
|---|---|---|---|---|
| 1 | Prem Prasad Ghimire | NRA Chief, Kathmandu | 9841637299 | ghimirepp2011@yahoo.com |
| 2 | Ganesh Prasad Dhakal | DLPIU MOE Kathmandu | | |
| 3 | Rachana Paudel | DLPIU Kathmandu, MOUD | 9849650105 | rachu.poudel5@gmail.com |
| 4 | Sagar Poudel | DLPIU MOE Kathmandu | 9846562003 | Poudelsagar47@gmail.com |
| 5 | Punyaraj Sigdel | NRA Kathmandu | 9851179932 | babusigdel41@gmail.com |
| 6 | Neha Joshi | NRA Kathmandu | 9843058110 | nehajoshi416@gmail.com |
| 7 | Shanti Poudel | Homenet Nepal | 9840062335 | Shanti.hnn@gmail.com |
| 8 | Pooja Rokka | CDS Nepal | 9840333030 | Puja.cdsnepal@gmail.com |
| 9 | Arun Regmi | NRCS | 9849403917 | arun.regmi@gmail.com |
| 10 | Sudin Pradhan | OXFAM | 9851207635 | supradhan@oxfam.org.uk |
| 11 | Jyoti Dhakal | Miyamoto Relief | 9802865514 | jdahal@miyamotointernational.com.np |
| 12 | Parbati Motra | NSET | 9841190429 | parbatimotra@nset.org.np |
| 13 | Newton Maharjan | Lumanti | 9841822062 | newtonum@gmail.com |
| 14 | Lumanti Joshi | Lumanti | 9841288485 | Lumanti.joshi@lumanti.org.np |
| 15 | Ambika Amatya | HRRP | 9841356409 | dc.ktm@hrrpnepal.org |


©2018 HRRP | All Rights Reserved